# बेनीघाट रोराङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड – ४ संख्या –११ मितिः१२ चैत, २०७७


## भाग - २

## बेनीघाट रोराङ गाउँपालिका हिंसा प्रभावितहरुका लागि पुनर्स्थापना केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७७


बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
बागमती प्रदेश

# बेनीघाट रोराङ गाउँपालिका हिंसा प्रभावितहरुका लागि पुनर्स्थापना केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७७

*कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।१०।०७*

**प्रस्तावनाः**

हिंसा विरुद्धको शुन्य सहनशीलताको नीतिअवलम्वन गर्न लैङ्गिक हिंसाजन्य घटनावाट श्रृजित असरको न्यूनीकरण गरी प्रभावितहरुलाई न्यायको प्रत्याभूतिदिलाउनअल्पकालीनआश्रय सहितको पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न आवश्यक देखिएकोले गाउँकार्यपालिकाको वैठकवाट यो कार्यविधि स्वीकृत गरिएको छ ।

## परिच्छेद १ः
## प्रारंभिक

**१. संक्षिप्तनाम र प्रारंभः**(१)यस कार्यविधिको नाम हिंसा प्रभावितहरुका लागि पुनर्स्थापना केन्द्र सञ्चालन सम्वन्धिकार्यविधि, बेनीघाट रोराङ गाउँपालिका, २०७७ रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषाः**

विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) ऐनभन्नाले घरेलु हिंसा (कसुर र सजाय ) २०६६ सम्झनु पर्दछ ।

(ख)नियमावलीभन्नाले घरेलु हिंसा ( कसुर र सजाय) नियमावली २०६७ सम्झनु पर्दछ ।

(ग) मन्त्रालयभन्नाले सामाजिकविकास मन्त्रालयवुझ्नु पर्दछ ।

(घ) सचिवभन्नाले सामाजिकविकास मन्त्रालयको सचिव भनेर सम्झनु पर्छ ।

(ङ) महाशाखाभन्नाले सामाजिकविकास महाशाखा सम्झनु पर्दछ ।

(च) स्थानीयतहभन्नाले बाग्मतीप्रदेश अन्तर्गतकागाउँपालिका र नगरपालिका भनेर वुझ्नु पर्दछ ।

(छ) घरेलु हिंसा भन्नाले घरेलु हिंसा कसुर सजायऐन २०६६ अन्तर्गतको घरेलु सम्वन्धभित्रहुने शारीरिक, मानसिक, यौनजन्यवाआर्थिक यातनालाई सम्झनु पर्दछ ।

(ज) लैङ्गिक हिंसा भन्नाले सार्वजनिकवानीजिजीवनमालिङ्गकाआधारमा कसैप्रतिशारीरिक, यौनजन्यवामानसिकक्षतिवा पीडा पुर्‍याउने कार्य भनेर सम्झनु पर्दछ ।

(झ) मानवबेचविखनभन्नाले मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ मा भएको व्यवस्थाअनुसार कुनै पनि उद्देश्यले मानिस बेच्ने वाकिन्ने, कुनै पनिप्रकारको फाइदालिई वानलिई वेश्यावृत्तिमालगाउने, वेश्यागमन गर्ने, प्रचलितकानूनबमोजिमबाहेक मानिसको अङ्गझिक्ने कार्यलाई सम्झनु पर्दछ ।

(ञ) मानवओसारपसार भन्नाले मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ भएको व्यवस्थाअनुसार किन्ने वा वेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमालगाउने वाशोषण गर्ने उद्देश्यले कुनै प्रकारको ललाईफकाई, प्रलोभनमापारी, झुक्याई, जालसाज गरी प्रपन्चमिलाई जर्वजस्त गरी करकापमापारी अपहरण गरी शरीर बन्धक राखीनाजुक स्थितिको फाइदालिई बेहोस पारी, पद वाशक्तिको दुरुपयोग गरी, अभिभावकवा संरक्षकलाई प्रलोभनमापारी, त्रास, धाक, धम्कीदिई वा करकापमापारी, कसैलाई वसिरहेको घर, स्थानवा व्यक्तिवाट छुटाई लग्ने वा नियन्त्रणमा लिने वाकुनै स्थानमा राख्ने वा नेपालभित्रको कुनै एक स्थानबाट अर्को स्थानमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई सम्झनु पर्दछ ।

(ट) पीडित भन्नाले हिंसामा परेको, बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमालगाईएको वामानव वेचविखनको उच्च जोखिममा रहेको व्यक्ति भनेर वुझ्नु पर्दछ ।
(ठ) अल्पकालीनपुनर्स्थापना केन्द्र भन्नाले हिंसा वा बेचविखनबाट पीडित र प्रभावितहरुको लागि तत्काल संरक्षण गरी परिवार वा समुदायमापुनर्स्थापना/पुनर्मिलन नहुञ्जेल एकिकृत सेवाप्रदान गर्ने उद्देश्यले गाउँपालिकामार्फत सञ्चालन तथा व्यवस्थापनगर्ने गरी गाउँपालिकाभित्र स्थापना गरिएको सेवा केन्द्रलाई वुझ्नु पर्दछ ।
(ड) प्रमुखभन्नाले प्रमुखप्रशासकीयअधिकृत भनेर बुझ्नु पर्दछ ।

## परिच्छेद २

## अल्पकालीनपुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्ने अख्तियारी प्रदान गर्ने आधार र प्रक्रिया

३. सेवाकेन्द्रको स्थापना तथा सञ्चालनः (१)सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्वन्धिकार्य गाउँपालिकामार्फत हुनेछ । गाउँपालिकाले सेवा केन्द्रको व्यवस्थापनका लागि कुनै स्थानीय गैर सरकारी संस्थावा समुदायमाआधारित संघसंस्थासंग करार सेवालिन सक्नेछ ।
(२) उपदफा(१)बमोजिमकुनै पनि स्थानीय गैर सरकारी संस्थावा समुदायमाआधारित संस्थालाई पुनर्स्थापना केन्द्र सञ्चालनका लागि गाउँपालिकाले अनुमतिप्रदान गर्नेछ ।
४. पुनर्स्थापना केन्द्रको कार्यक्षेत्रः (१) पुनर्स्थापना केन्द्रको कार्यक्षेत्र गाउँपालिकाको सवै कार्यक्षेत्रभित्रहुनेछ । (२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनिआवश्यकतानुसार अन्य गाउँपालिकाबाट सेवालिनआउने प्रभावितवा पीडित व्यक्तिलाई सेवाप्रदान गर्न बाधापुगेको मानिने छैन ।
५. पुनर्स्थापना केन्द्रको कार्य जिम्मेवारी (१) पुनर्स्थापना केन्द्रले देहायकाकार्य गर्नु पर्नेछ ।
(क) निर्धारित प्रक्रियाबाट प्रभावितवा पीडित महिलाका लागि अल्पकालीनआश्रय सहितको सेवा सञ्चालन गर्ने ।
(ख) खण्ड (क) बमोजिमप्रभावितवा पीडित महिलालाई नीजको अवस्था तथा आवश्यकतानुसार प्रदान गर्नु पर्ने निम्न सेवाहरु प्रदान गर्ने ।
अ. लागेको चोटपटकको औषधोपचार
आ. मनोसामाजिक परामर्श
इ. न्यायमापहुँचदिलाउनआवश्यक परामर्श एवं सेवा
ई. कानून कार्यान्वयन गर्ने निकायसंग सम्पर्क सेवा र
उ. समन्वय समितिले तोकेको तोकेको अन्य सेवाकार्य
(ग) सुरक्षितआश्रय आवश्यकनपर्ने तर तर खण्ड (ख) मा आवश्यकउल्लेखित सेवाआवश्यक परी निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावितवा पीडित महिलाकाहकमापनिउल्लेखित सेवादिने ।
(घ) पुनर्स्थापना केन्द्रमा सेवालिनआउने प्रभावितव्यक्तिहरुको विवरण अनुसूची १ बमोजिमको ढाँचामा अभिलेखिकरण गरी राख्नु पर्नेछ ।
(ङ) सेवाप्राप्तप्रभावितमहिलालाई हकभोग, पारिवारिक पुनर्मिलन, बैकल्पिक पुनर्स्थापना लगायतका व्यवस्थापनमा आवश्यक पहल गर्ने ।
(च) प्रत्येकमहिनाको प्रतिवेदन अनुसूची २ बमोजिमको ढाँचामा तयार गरी सेवाप्रदायक संस्थामार्फत गाउँपालिकामावुझाउने व्यवस्था गर्ने ।
(छ) आवश्यकतानुसार संघ, प्रदेशका सरकारी निकाय तथा स्थानीयतहमा रहेका सरोकारवालाहरुसंग समन्वय, सहकार्य, सञ्चार गर्ने ।
(ज) पुनर्स्थापना केन्द्रमा सेवालिनआउने प्रभावितव्यक्तिहरुको विस्तृत विवरण अनुसूची ३ बमोजिमको ढाँचामा राख्ने ।

६. निर्देशक समिति सम्वन्धिव्यवस्था (१) सेवा केन्द्रको नियमित सुपरिवेक्षण, नीतिगत सहयोग तथा समन्वयका लागि गाउँपालिकास्तरमा एउटा निर्देशक समिति रहनेछ । समितिमा देहायबमोजिमकापदाधिकारीहरु रहने छन ।

| | |
|---|---|
| क. गाउँपालिकाका उपाध्यक्ष | संयोजक |
| ख. प्रमुखप्रशासकीयअधिकृत | सदस्य |
| ख. अधिकृत शिक्षाशाखा | सदस्य |
| ग. अधिकृत स्वास्थ्यशाखा | सदस्य |
| घ. प्रहरी सेवा केन्द्रको प्रतिनिधि | सदस्य |
| ङ लैङ्गिक हिंसा निवारणमा काम गर्ने संघ संस्थाहरुवाट गाउँकार्यपालिकाले मनोनयन गरेको १ जना हिंसा पीडित महिला सहित २ जना | सदस्य |
| च. गाउँपालिकाको न्यायिक समितिको संयोजकले तोकेको एक जना न्यायिक समितिको पदाधिकारी वाकर्मचारी | सदस्य |
| च. गाउँपालिकाको सामाजिकशाखा/महिला, वालवालिका तथा ज्येष्ठ नागरिक शाखाको शाखाप्रमुख | सदस्य सचिब |

(२) समितिको सचिवालयको काम गाउँपालिकाको सामाजिकशाखावामहिला, वालवालिका तथा ज्येष्ठ नागरिक शाखाले गर्नेछ ।

(३) समितिको वैठक सम्वन्धिव्यवस्था समितिआफैले निर्धारण गरे बमोजिमहुनेछ ।

**७. निर्देशक समितिको काम, कर्तव्य र अधिकार**

(क) प्रचलितऐनमा भएको व्यवस्था तथा भावनाको प्रतिकुलनहुने गरी पुनर्स्थापना केन्द्र सञ्चालन सम्वन्धि निर्णय गरी व्यवस्थापन समितिलाई आवश्यकनिर्देशनदिने ।

(ख) हिंसानिवारणका लागि आवश्यकनीति, योजना निर्माणमा समन्वयात्मकभूमिकानिर्वाह गर्ने ।

(ग) पुनर्स्थापना केन्द्रमा सेवालिनआएकाप्रभावितव्यक्ति तथा पीडितहरुको अभिलेख अद्यावधिक गर्न लगाउने ।

(घ)पुनर्स्थापना केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने सेवा सुविधानियमित रुपमाउपलव्ध गराउनपहल गर्ने ।

(ङ) पुनर्स्थापना केन्द्रकाकाम कारवाहीको निरन्तर रुपमाअनुगमन गर्ने ।

(च) पुनर्स्थापना केन्द्रको सेवा सम्वन्धिअन्यकाम गर्ने गराउने ।

८. पुनर्स्थापना केन्द्र व्यवस्थापन समिति (१) पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धिकार्य गर्नका लागि देहायबमोजिमकापदाधिकारीहरु रहेको एक पुनर्स्थापना केन्द्र व्यवस्थापन समिति रहने छ ।

| | |
|---|---|
| गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| पुनर्स्थापना केन्द्र प्रमुख | सदस्य |
| महिला तथा वालवालिकाहेर्ने प्रहरी चौकीकर्मचारी | सदस्य |
| गाउँपालिकामा रहेको अस्पतालबाट एक जना प्रतिनिधि | सदस्य |
| शाखाप्रमुख, महिला तथा वालवालिकाशाखा | सदस्य सचिव |

**९. पुनर्स्थापना केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**ः दफा ८ बमोजिम गठित पुनर्स्थापना केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ ।

(क) पीडित तथा प्रभावितहरुको अवस्थापहिचान गरी पारिवारिक पुनर्स्थापना तथा पुनर्मिलनका लागि व्यवस्थामिलाउने ।

(ख)पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यकजनशक्तिनियुक्ति तथा व्यवस्थापन सम्वन्धि सम्पूर्ण कार्यहरु गर्ने ।

(ग)अतिविपन्नप्रभावित तथा पीडितहरुको पहिचान गरी व्यवसाय स्थापनाका लागि वस्तुगत अनुदानउपलब्ध गराउनगाउँकार्यपालिकासंग समन्वय गर्ने ।

(घ) अन्य सरोकारवालानिकाय तथा संघसंस्थासंग समन्वय गर्ने ।

(ङ) पुनर्स्थापना केन्द्र सञ्चालनगर्दाको आयव्ययचुस्तदुरुस्त राख्ने ।

(च)गाउँपालिका, सामाजिकविकास मन्त्रालय तथा अन्य सरोकारवाला निकायबाट प्राप्त सुझाव, सल्लाह तथा पृष्ठपोषणलाई कार्यान्वयन गर्ने ।

(छ) पुनर्स्थापना केन्द्रबाट भए गरेका कार्यहरुको मासिकप्रगतिप्रतिवेदन तयार गरी गाउँकार्यपालिकामा पेश गर्ने ।

(ज) पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धिअन्यकार्य गर्ने ।

**१०. समितिको वैठक सम्वन्धिव्यवस्था** (१) समितिको वैठक सम्वन्धिव्यवस्था समिति स्वयँले निर्णय गरे बमोजिमहुनेछ ।

**११. प्रभावित तथा पीडित महिलाहरुलाई पुनर्स्थापना केन्द्रमा देहायको अवधिसम्ममात्र राख्न सकिने व्यवस्था गरिने छ ।**

(क) साधारण अवस्थामा ३० दिनसम्म

(ख) विशेषअवस्था परी व्यवस्थापन समितिले निर्णय गरेकोमा थप १५ दिन ।

**१२. पुनर्स्थापना केन्द्रको न्यूनतम मापदण्डः**

यस कार्यविधिबमोजिम स्थापना र सञ्चालनहुने पुनर्स्थापना केन्द्रले अनुसूची ४ बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्दछ ।

**१३. खर्चका मानकः**पुनर्स्थापना केन्द्रवाट सेवाप्रदानगर्दा देहायको प्रयोजनमा देहायबमोजिमको सीमाभित्र रहेर खर्च गर्नु पर्दछ ।

(क) घरभाडाः पुनर्स्थापना केन्द्रका सवै सुरक्षितअल्पकालीनआश्रयका लागि लिइने घरको भाडा व्यवस्थापन समितिले घर हेरी स्वीकृत गरेको रकम ।

(ख) मालसामानः दच्छना, पर्दा, फर्निचर, विस्तारा, भाँडाकुँडा, खातापातालगायतकापुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनका लागि मालसामानहरुको पुनर्स्थापना केन्द्रले औचित्यकाआधारमा स्वीकृत गरेको रकम ।

(ग) औषधोपचारः समन्वय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा (विरामी तथा कुरुवा समेतको जोडेर) निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च ।

अ. पुनर्स्थापना केन्द्रमावसीउपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाको साथै परीक्षण तथा औषधीखर्च वापत रु. २०००। (दुई हजार सम्म)

आ. अस्पतालमै भर्ना भई उपचार गराउँदा पुऱ्याउँदा र ल्याउँदालागेको मितव्ययीसवारी साधनको भाडाको साथै औषधीखर्चका अतिरिक्तपाँचदिनसम्मखाने खर्च वापतविरामी र एक जना कुरुवाका लागि प्रतिव्यक्तिप्रतिदिन रु. ३०० गरी जम्मा रु. ६५००। (अक्षेरुपी छहजार पाँचसयमात्र)

इ. विशेषअवस्थामाव्यवस्थापन समितिले विशेष निर्णय गरेकोमा थप रु. ४०००। (चार हजारसम्म)

(घ)कानूनी उपचारः एक जना साथी समेत अड्डा अदालतआतेजाते मितव्ययी सवारी साधनको भाडा, कानूनी दै दस्तुर र सेवावापतप्रतिव्यक्ति रु. ५०००( पाँचहजार) सम्म ननाघ्ने गरी लागेको यथार्थ खर्च ।

(ङ) फुटकर: पुनर्स्थापना केन्द्रमाआश्रयमा रहेका महिलाहरुलाई मात्र फुटकर खर्च वापतप्रतिव्यक्तिप्रतिदिन रु. ५० (पचास) र वास वस्नु पर्नेमा वस्ने खाने खर्च वापतप्रतिव्यक्ति दैनिक रु. ३०० (तीन सय) सम्म ।

(झ) मनोसामाजिक परामर्श: प्रभावितमहिलालाई मनो सामाजिकविर्म प्रदान गर्नका लागि प्रतिव्यक्ति रु. १००० (एक हजार) सम्म ।

(ञ) जीविकोपार्जन अनुसन्धान:पारिवारिक पुनर्मिलन हुननसकेको अवस्थामाप्रभावितमहिलाका लागि एक पटक जीविकोपार्जन अनुदानवापत रु. १५०००। (पन्द्रहहजार सम्म)

(ट) व्यवस्थापनखर्च: जनशक्ति, प्रतिवेदन समीक्षा र केन्द्रकागतिविधि समेतको खर्चका लागि पुष्टाईका आधारमा औचित्य समेत हेरी व्यवस्थापन समितिले स्वीकृत एकमुष्ट रकम ।

(ठ) वैठक खर्च: व्यवस्थापन समितिको वैठक सञ्चालनखर्च नियमानुसार हुनेछ ।

१४. अनुगमन सम्वन्धिव्यवस्था:गाउँपालिका तथा सामाजिकविकास मन्त्रालयले नियमित रुपमापुनर्स्थापना केन्द्रको अनुगमन गर्नेछ ।

१५. बाधा अडकाउ फुकाउने अधिकार: यस कार्यविधिको कार्यान्वयनमाकुनै वाधाउत्पन्नभएमामन्त्रालयले त्यस्तो वाधा अड्काउफुकाउने छ ।

१६. संसोधन र हेरफेर: गाउँपालिकाले यस कार्यविधिमा संसोधनएवँ हेरफेर गर्न आवश्यक ठानेमा संसोधनएवँ हेरफेर गर्न सक्नेछ ।

**अनुसूची १**

दफा ५ को १ (घ) संग सम्वन्धित

पुनर्स्थापना केन्द्रबाट प्रदान गरिने सेवाहरुको अभिलेखिकरण

| नाम / थर | ठेगाना | उमेर / लिङ्ग | | | | | | | | पीडकको नाम, नाता र ठेगाना | सिफारिस सम्प्रेषणको श्रोत | प्रदान गरिएको सहयोगको व्यहोरा | प्रेषण गरिएको स्थान | फलोअपको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वलात्कार | यौनजन्यदु र्व्यवहार | कुटपिट | जवरजस्ती ववाह | वालविवाह | गर्भपतन | अन्य | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

**अनुसूची २**

**परिच्छेद २ को दफा ५ (च) संग सम्वन्धित**

हिंसाप्रभावितका लागि पुनर्स्थापना केन्द्रको प्रगतिप्रतिवेदन विवरण

| सि.नं. | विवरण | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | हालसम्मप्राप्तउजुरी | फर्स्यौट भएका | बांकी | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची ३**

**परिच्छेद २ को दफा ५ (ज) संग सम्वन्धित**

पुनर्स्थापना केन्द्रमा सेवालिनआएकाप्रभावितहरुको विवरण

| सि.नं. | दर्ता मिति | नाम/थर | ठेगाना | उमेर | हिंसाको प्रकार | हालको अवस्था | सहयोग गर्नु पर्ने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची ४
## परिच्छेद २ को दफा १२ संग सम्वन्धित

पुनर्स्थापना केन्द्रको न्यूनतम मापदण्ड

१. परिसरः आवास गृह परिसर देहायबमोजिमहुनेछ ।

(क) चारैपट्टि झट्ट कोहीप्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वातारबारले घेरिएको ।

(ख)हाताभित्रखुला स्थान रहेको ।

(ग)आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको

(घ)सुरक्षाका दृष्टिकोणले उपयुक्त स्थान

२. आवास गृह देहायअनुसार सुविधा सम्पन्नहुनु पर्नेछः

(क) दुवै पट्टि झयाल राखिएकाहावाखेल्ने कोठाहरु

(ख) प्रत्येकका लागि छुट्टा छुट्टै खाट

(ग) प्रभावितवालवालिकाहरुका लागि अलग्गै कोठाहरु

(घ) भुईमा उपयुक्तदक्षना, झ्यालमापर्दा र अन्यआवश्यकफर्निचर

(ङ) मनोसामाजिकविमर्शका लागि छुट्टै कोठा

(च) मनोरञ्जन अन्तर्कियाका लागि साझा कोठा

(छ) शौचालय तथा स्नानकक्ष

(ज) साझा टेलिफोन र टेलिभिजन

(झ) ठाउँ हेरि पंखा हिटर

(ञ) श्रोत हेरी पर्याप्त पानी

(ट) नुहाईधुवाई, सरसफाईका लागि सामाग्री भाँडाकुँडा, कुचो, डष्टविन आदि

(ठ) सुरक्षाका लागि आवश्यकतानुसार पालो पहरा

३. लुगाफाटोः पुनर्स्थापना केन्द्रमाआश्रय लिएकाप्रभावितहरुका लागि देहायमाउल्लेखित लुगाफाटोको व्यवस्थाहुनु पर्दछ ।

(क) ओढ्ने ओछ्याउने विस्तारा १ सेट

(ख) आवश्यकतानुसार लगाउने लुगा र जुत्ताचप्पल

४. खानेकुराः दैनिकखानेकुराको व्यवस्थाव्यवस्थापन समितिले तोके बमोजिमपुनर्स्थापना केन्द्रभित्रवावाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिमहुनेछ ।

(क) विहानचिया, विहानबेलुकाखाना तथा दिउँसो खाजा

(ख) मांसाहारीको लागि हप्तामा २ पटक माछामासु तथा शाकाहारीको हकमा सोको मूल्य वरावरको दुध, दही तथा फलफूल

(ग) शुद्ध पिउने पानी

५. स्वास्थ्यउपचारः

व्यवस्थापन समितिले तोकेको अस्पतालमा पुनर्स्थापना केन्द्रमाआश्रय लिएकाप्रभावितमहिलाहरुको स्वास्थोपचार गराउनु पर्दछ । स्वास्थोपचारतर्फ निम्नव्यवस्था सुनिश्चित गर्नु पर्दछ ।

(क) प्राथमिकउपचार सामाग्री

(ख) समस्या हेरी नियमितउपचार

(ग) आकस्मिकउपचार

(घ) बालवालिकाको हकमा उमेर अनुसार लगाउनु पर्ने खोप

६. मनोसामाजिकविमर्श: व्यवस्थापन समन्वय समितिले निर्धारण गरेको योग्यताहासिल गरेका विमर्शकबाट देहायबमोजिममनो सामाजिकविमर्श सेवाप्रदान गर्नु पर्दछ ।

(क) संरक्षितव्यक्ति हरेकलाई हप्तामा एक पटक नियमित सेवा

(ख) संरक्षितव्यक्तिको मनोदशा हेरी थपआवश्यक सेवार

(ग) सेवाग्राहीको व्यक्तिगतविवरणको गोपनियताकायम राख्ने व्यवस्था

७. कानूनी सेवा: देहायमाउल्लेखित कानूनी सेवाप्रदान गर्ने व्यवस्थामिलाउनु पर्दछ ।

(क) प्रभावितमहिलालाई ममतामय, सहानुभूतिपूर्ण तथा सम्मानजनकव्यवहारको सुनिश्चितताका लागि लिखितआचारसंहिता

(ख) प्रभावितमहिलाको पहिचानको गोपनियताकायम राख्ने व्यवस्थाको साथै ईच्छा विपरितको कुनै पनिकार्यमा प्रतिबन्ध

(ग) आवास गृहमा भेटघाट कक्षभन्दावाहिर वस्ने अनुमतिप्राप्तचिकित्सक, सफाईकर्मी लगायतकाअत्यावश्यकव्यक्तिवाहिरका कसैलाई पनिप्रवेश मनाही र

(घ) व्यवस्थापन समितिले तोके बमोजिमखोल्ने गरी आवास गृहमाउजुरी पेटिका ।

९. जनशक्ति:पुनर्स्थापना केन्द्रमामहिलालाई प्राथमिकतादिई देहायबमोजिमको प्रशिक्षितजनशक्तिहुनु पर्दछ ।

क. पुनर्स्थापना केन्द्र प्रमुख १ जना, चौकिदार १ जना र सहयोगीकर्मचारी १ जना

१०. अभिलेख केन्द्रले देहायबमोजिम अभिलेख राख्नु पर्नेछ

(क) प्रभावितमहिलाको नामदर्ता किताप

(ख) संरक्षक व्यक्तिको दैनिकहाजिरी किताप

(ग) प्रभावितमहिलाको व्यक्तिगतगोप्यफाइल

(घ) दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानीखर्चको पारदर्शी लेखा र सोको पुष्टी गर्ने कागजात

(ङ) व्यवस्थापन समितिको निर्णय किताप

(च) स्वास्थोपचार मनोसामाजिकविमर्श कानूनी सेवाको विवरण खुल्ने सेवा पिच्छे लागत र समन्वय समितिले तोकेको अन्य अभिलेख

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**

**लक्ष्मण प्रसाद भट्टराई**